संघीय संसद
प्रतिनिधि सभा
दशौं अधिवेशन
बैठक संख्या - १

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल मंसिर २८ गते मंगलबार

प्रतिनिधि सभाको दशौं अधिवेशनको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वान सम्बन्धी निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७८ साल मंसिर २८ गते मंगलबारका दिन १४:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।

मिति :- २०७८ मंसिर १६ (विद्यादेवी भण्डारी)

तदुपरान्त सम्माननीय सभामुखले दशौं अधिवेशनको बैठकमा उपस्थित हुनुभएका सम्पूर्ण मा० सदस्यहरुलाई हार्दिक स्वागत गर्नुभयो ।

यसैबीच नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले लोकतन्त्र सिद्धान्त मात्र नभएर पूर्ण पारदर्शी प्रक्रिया र समन्यायीक परिणामको औजार पनि हो । यस सिद्धान्तलाई लोकतन्त्रको अभ्यास गर्ने उच्चतम थलोको रुपमा रहेको संघीय संसदले अनिवार्य रुपमा बुझ्नु पर्दछ । परिस्थिति र परिवेश सँधै एकै रहँदैन । समसामयिक रुपमा परिस्थिति अनुकूल राष्ट्रिय हितलाई ध्यानमा राखी कार्यसम्पादन गर्नु र सरकारलाई गर्न लगाउनु संसदको मुख्य कर्तव्य पनि हो । उल्लिखित विषयवस्तु मनन गर्दै सहज सभा सञ्चालनमा सहयोग गर्न सम्पूर्ण मा० सदस्यहरुको ध्यानाकर्षण गराउन चाहन्छु भन्नुभयो । उहाँले जनप्रतिनिधिहरुको सर्वोच्च निकाय संघीय संसद एवं संसद सदस्यले स्वीकृत विधि, पद्धति एवं प्रकृया पालना गर्ने कुरामा अझै बढी संवेदनशील एवं प्रतिवद्ध हुन आवश्यक छ भन्ने कुरामा हामी सबै जानकार छौं । सभाको नियमित प्रकृयामा प्रवेश गरी आफ्ना असहमतिहरुलाई राख्न अनुरोध गर्दछु भन्नुभयो ।

साथै उहाँले सभाको बैठकलाई सुव्यवस्थित तरिकाबाट सञ्चालन गर्न आ-आफ्नो आशन ग्रहण गरी सहयोग गरिदिन र प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ६ को उपनियम (६) बमोजिम बैठक संचालनमा आवश्यक सहयोगको लागि समेत अनुरोध गर्नुहुँदै नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरुको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा पुनः स्मरण गराउँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु हामी सबैले पालना गर्नुपर्ने प्रावधानहरु हुन् उल्लिखित प्रावधानहरु पालनाको लागि पुनः अनुरोध समेत गर्नुभयो ।

त्यसपछि पनि नारा लगाउने क्रम जारी रहेपछि सभामुखले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न उठेर एक मिनेट मौन धारणको लागि अनुरोध गर्नुहुँदा नारा लगाउने मा० सदस्यहरु र सभामा उपस्थित अन्य मा० सदस्यहरु सबैले उठेर मौन धारण गर्नुभयो ।

तदुपरान्त नाराहरुको बीचमै सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नको लागि निम्नलिखित मा० सदस्यहरुको नाम मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

(१) मा० श्री अमृता देवी अग्रहरी
(२) मा० श्री चन्द्रकान्त चौधरी

(३) मा० श्री मानबहादुर विश्वकर्मा
(४) मा० श्री राधा कुमारी ज्ञवाली
(५) मा० श्री लालबाबु पण्डित
(६) मा० श्री सत्य पहाडी
(७) मा० श्री सरला कुमारी यादव

तत्पश्चात मा० गृह मन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८", "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८" र "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८" क्रमशः पेश गर्नुभयो ।

त्यसपछि मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले "रेल्वे अध्यादेश, २०७८" पेश गर्नुभयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले "यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८" र "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८" क्रमशः पेश गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल पुस ६ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको २:३० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव